नगर प्रमुख: ०९१-५६०३८०
प्रमुख प्रशासकीय अधिकृत : ०९१, ५६०११८
प्रशासकीय अधिकृत : ०९१, ५६०८१६

टीकापुर नगरपालिका

# नगरकार्यपालिकाको कार्यालय

टीकापुर, कैलाली
सुदुरपश्चिम प्रदेश नेपाल

प.सं. :२०७६/७७ मिति : २०७७/०१/०५
च.नं. :

## विषय : प्रेस विज्ञप्ती ।

आज हामी विश्वव्यापी रुपमा फैलिएको महामारी कोरोना भाइरस (COVID-19) को चपेटामा छौं । राष्ट्रले Lockdown गरेको आज २५ औं दिन चलिरहेको छ । यो अवस्थामा टीकापुर नगरपालिका भित्रका विभिन्न व्यापार व्यवसाय, उद्योग धन्दा पनि प्रभावित भएको हामी सबैलाई विदितै छ । अहिले हाम्रो मुख्य ध्यान यो महामारीको चपेटामा परेका आधारभूत वर्ग जो साँझ बिहान हात मुख जोडने समस्यामा छन् उनिहरुको समस्या कसरी समाधान गर्न सकिन्छ र रोगलाई अझै फैलिन नदिन के कस्तो सावधानी अपनाउन सकिन्छ भन्ने तिर गएको छ । लकडाउनको अवस्थामा हामीले टीकापुर वहुमुखी क्याम्पसमा क्वारेन्टाइन बनाएका छौं । क्वारेन्टाइन व्यवस्थापनमा २०७६।१२।११ गते देखि २०७७।०१।०३ गते सम्म बसेका ३७ जनाको नगरपालिकाले पिसिआर परिक्षण गरी सबैको रिपोर्ट नेगेटिभ आई सके पश्चात सवैलाई घर फर्काई सकिएको छ र दोश्रो चरण अन्तर्गत हाल क्वारेन्टाइनमा ७३ जना रहेका छन् । यस अवधिमा भारत र अन्य मुलुकबाट आएका ६० जना नागरिकको आरडिटि जाँच पनि गरिएको छ, उहाँहरु सबैको रिपोर्ट नेगेटिभ आएको छ । क्वारेन्टाइन व्यवस्थापनमा २०७७।०१।०३ गते सम्ममा रु.३,७१,०२९।- खर्च भै सकेको जानकारी गराउँछौं ।

अहिले हाम्रो ध्यान विशेष गरी राहत वितरणको जटिल र महत्वपूर्ण कार्यमा गएको छ । विभिन्न वडामा आपूर्ति व्यवस्थापन समिति मार्फत राहत वितरण कार्य अगाडि बढि रहेको छ । हामीले आवश्यक कानूनी प्रक्रिया पुरा गरी २ चरणमा रु.३७,५०,६७१।१० बराबरको खाद्यान्न खरिद गरि सकेका छौं र आपूर्तिकर्ता मार्फत आवश्यक सामाग्री प्राप्त भई रहेको छ । हामीले टीकापुरमा आकस्मिक कोष स्थापना गरी नगरवासीलाई सहयोगका लागि आव्हान गरे पश्चात स्थानीय सरकार, प्रदेश सरकार, विभिन्न संघ संस्था र व्यक्तिहरु बाट हाल सम्म रु.७९,८४,२४२।- प्राप्त भएको छ । यस्तै अन्य सामाग्रीमा विभिन्न दाताहरुवाट हाल सम्म चामल १६९७५ के.जी., दाल ८०० के.जी., नून ९४१ के.जी., तेल ३८७ लिटर, सावुन ३२५१ पिस लगायत प्राप्त भई सकेको छ । हाल सम्म वडा नं.१ देखि ९ सम्म १७२४ घरधुरीलाई राहत वितरण भै सकेको कुरा अवगत गराउन चाहान्छु । साथै यो महत्वपूर्ण घडीमा सबै नगरवासीलाई संयमित भएर लकडाउनको पालना गरि यस महामारीको विरुद्ध एकजुट भएर लाग्न पनि आव्हान गर्दछौं ।

..................
तपेन्द्र बहादुर रावल
नगर प्रमुख